g]kfn ;/sf/
u[x dGqfno

# sf/fuf/ Joj:yfkg ljefu,

sflnsf:yfg,
sf7df8f}+

**सूचना सार्वजिनक गर्ने निकायको नाम कारागार व्यवस्थापन विभाग**
**सूचना सार्वजनिक गरेको अवधि २०७५ कार्तिक मसान्त**

### १ निकायको स्वरुप र प्रकृति

### नेपालमा कारागार व्यवस्था

नेपालमा कारागार (जेल) को इतिहास वि.सं. १९७१ बाट शुरू भएको हो। नेपालको पहिलो कारागार, हालको कारागार कार्यालय काठमाडौं, जगन्नाथदेवल हो। यसलाई शुरूमा सदरजेल भनिन्थ्यो र अहिले केन्द्रीय कारागार पनि भनिन्छ। पहिले 'जेल' मुख्तियारको मातहतमा रहन्थ्यो र यसको प्रमुख "रोलवाला जर्नेल" रहने व्यवस्था थियो।

२००७ साल पश्चात कारागार प्रशासन गृह मन्त्रालय अन्तर्गत रहने व्यवस्था भयो। काठमाडौँ उपत्यकाका कारागारहरूको उपत्यकाञ्चल कमिशनर र जिल्ला स्थित कारागारहरूको प्रशासन बडाहाकिमको प्रत्यक्ष निर्देशन र नियन्त्रणमा सञ्चालन भएको पाइन्छ।

नेपालको अञ्चल तथा जिल्लाको विभाजन (१४ अञ्चल र ७५ जिल्ला) पश्चात् यो स्थानीय प्रशासनको नियन्त्रण र निर्देशनमा सञ्चालन हुन थाल्यो। २०१९ सालमा कारागारसम्बन्धि व्यवस्था गर्न 'कारागार ऐन २०१९' निर्माण भयो। 'कारागार ऐन २०१९' को दफा २७ ले दिएको अधिकार प्रयोग गरी कारागार प्रशासनलाई व्यवस्थित र नियमित गर्न कारागार नियमावली २०२० को तर्जुमा भै लागू भएको छ। गृह मन्त्रालयको कारागार व्यवस्थापन महाशाखाद्वारा सम्पादन भई आएको कारागार व्यवस्थापन तथा प्रशासन सम्बन्धि कार्यलाई अझ प्रभावकारी एवम् सबल बनाउन २०५० साल श्रावण १ गतेदेखि गृह मन्त्रालय अन्तर्गत केन्द्रीय तहमा 'कारागार व्यवस्थापन विभाग' को स्थापना भएको हो। तत्पश्चात् कारागार व्यवस्थापन र प्रशासन सम्बन्धि काम कारागार व्यवस्थापन विभाग अन्तर्गत हुँदै अएको छ। स्थानीय तहमा कारागार कार्यालयमा सम्बिन्धत जिल्लाको प्रमुख जिल्ला अधिकारीको प्रत्यक्ष निर्देशन र नियन्त्रण रहने व्यवस्था छ।

नेपालमा हाल धनुषा, बारा,भक्तपुर,पुर्वि नवलपरासी र पुर्वी रुकुम गरी ५ जिल्लाबाहेकका ७२ जिल्लामा कारागारहरू रहेका छन्। एकै जिल्लामा दुईवटा कारागार भएका जिल्लाहरू दाङ र काठमाडौ हुन्। दाङ जिल्लामा घोराही र तुल्सीपुर तथा काठमाडौँ जिल्लामा जगन्नाथदेवल (सुन्धारा–त्रिपुरेश्वर मार्ग) र डिल्लीबजार (चारखाल) मा कारागारहरू रहेका छन्। यसरी नेपालमा कारागारहरूको कुल संख्या ७४ रहेको छ।

## २ निकायको काम, कर्तव्य र अधिकार

### कारागार व्यवस्थापन विभागका कार्यहरू

कारागार व्यवस्थापन सम्बन्धि काम गर्ने केन्द्रीय निकायको रूपमा कारागार व्यवस्थापन विभागको स्थापना भएको हो। गृह मन्त्रालय अन्तर्गत रहेको कारागार व्यवस्थापन विभागले गर्ने कार्यहरूलाई निम्न बुँदाहरूमा उल्लेख गर्न सकिन्छ –

१. विभाग र मातहतका कारागार कार्यालहरूको निम्ति अवश्यक पर्ने वार्षिक बजेटको प्रस्ताव तयार गरी कारवाहीको निम्ति सम्बन्धित निकायमा पठाउने र नेपाल सरकारको विनियोजन गरेको बजेट रकम अनुसार खर्चको निकासा दिने, लेखापरीक्षण गराउने र वेरूजु फछ्र्यौट गराउने,

२. कारागार व्यवस्थापन सम्बन्धि नीतिगत व्यवस्थाहरूको अधिनमा रही कारागार शाखाहरूको कार्यको अवश्यकता एवम् साधन स्रोत अनुरूप निरीक्षण र सुपरीवेक्षण गर्ने,

३. कारागार कार्यालय (शाखा)हरूबाट प्राप्त मासिक प्रतिवेदन (अनुसूची ४) को आधारमा बन्दीहरूको अभिलेख तयार गर्ने,

४. विभाग र विभाग अन्तर्गतका कारागार कार्यालयहरूमा कार्यरत राजपत्र अनङ्कित तहका कर्मचारीहरूलाई आवश्यकता अनुसार विभाग वा कारागार कार्यालयहरूमा सरूवा गर्ने,

५. विभाग र कारागार कार्यालयहरूको निजामती कर्मचारीको दरबन्दी र ती दरबन्दीमा कार्यरत कर्मचारीको अभिलेख राख्ने,

६. राष्ट्रिय पर्वहरूमा बन्दीको कैद सजायको माफी मिनाहा दिनको निम्ति कारागार कार्यालयहरू बाट निर्धारित प्रकृया अनुसार प्राप्त सिफारिसहरूको छानविन गरी सिफारिससहित मन्त्रालयमा पठाउने,

७. वन्दीमा आश्रित बालबालिकाहरु, बिज्याइँ गरी कैद वा थुनामा परेका बालबालिकाहरु र कैद मुक्त बन्दीहरुको सुधार, संरक्षण र हेरचाह एवम् पुनस्र्थापनाको कार्यमा संलग्न संस्थाहरुको अवलोकन भ्रमण गर्ने तथा ती संस्थाहरुको संरक्षणमा रहेका आश्रित बालबालिका, बिज्याँइ गरी कैद वा थुनामा परेका बालबालिका र कैद मुक्त बन्दीहरुको संख्यात्मक विवरण नियमित रुपले विभागमा पठाउन ती संस्थाहरुलाई आग्रह गर्ने,

८. आवश्यकता अनुसार मातहतका निकायहरुलाई क्रियाशिल गराई उपलब्ध साधन र स्रोत अनुरुप बन्दीको समस्या तथा मागको समाधान गर्न प्रयत्न गर्ने,

९. ठेकिएको कैद भुक्तान भएको बन्दीहरुलाई छुटकारा दिनको निम्ति कारागार कार्यालयहरुलाई निर्देशन वा स्वीकृत दिने,

१०. कारागारहरुको भौतिक अवस्थाको सुदृढीकरण गर्न र वन्दीहरुको व्यक्तित्व विकास, सीप विकास, आचार सुधार र पुनस्र्थापना एवम् कारागार व्यवस्थापनको आधुनिकीकरणको निम्ति परियोजना, योजना तथा कार्यक्रमको प्रस्ताव तयार गरी स्वीकृती एवम् बजेट निकासाको निम्ति मन्त्रालयमा पठाउने र स्वीकृत परियोजना, योजना तथा कार्यक्रमहरुको तोकिएको कार्यविधि अनुसार कार्यान्वयन गर्ने गराउने तथा नेपाल सरकारको नीति निर्देशन र उपलब्ध साधन र स्रोतको परिचालन गरेर सो सम्बन्धि कार्य गर्न गराउनको निम्ति कारागार कार्यालयहरुलाई निर्देशन दिने,

११. विद्यमान ऐन नियम र नीति निर्देशन अन्तर्गत रही मातहतका कारागार कार्यालयहरुलाई निर्देशन दिने,

१२. बन्दीको आश्रित बालबालिका तथा बिज्याँइ गरी कैद वा थुनामा परेका बालबालिका (बाल अपराधी) को एवम् कैदमुक्त बन्दीहरुको सुधार, संरक्षण र पुनर्स्थापनाको कार्यमा संलग्न सुधार गृह र संस्थाहरुसित समन्वय गरी आवश्यकता अनुसार ती संस्था वा सुधार गृहहरुसित सम्झौता गरी त्यस्ता बालबालिका, बालअपराधी र कैदमुक्त वन्दीहरुको हितको निम्ति कार्यक्रम सञ्चालन गर्ने गराउने,

१३. कारागार कार्यालयहरुमा अनियमित र अनुपयुक्त काम भएको भनी विभागमा उजुरी वा गुनासाहरु आएमा त्यस्ता उजुरी र गुनासाको सत्य तथ्यको छानविन एवम् पहिचान गरी आवश्यकता अनुसार कारवाही गर्ने वा सोको निम्ति सम्बन्धि निकायमा लेखी पठाउने ।

## ३ निकायमा रहने कर्मचारी संख्या र कार्य विवरण

### कारागारहरूको दरबन्दी विवरण

| क्र.सं. | कारागार | | रा.प. द्वितीय | रा.प. तृतीय | | | रा.प.अ. प्रथम | | | क.अ. | रा.प.अ. द्वितीय | | | अ.न.मि. | टाइपिष्ट | स.क.अ. | ह.स.चा. | का.स. | **जम्मा दरवन्दी** |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | जेलर-तह | संख्या | | शा.अ. | ले.अ. | प्रा. (मे.अ.) | ना.सु. | ले.पा. | प्रा (सिअ.ह.व.) | | ख. | स.लेपा | अहेव (प्रा.) | | | | | | |
| १. | उपसचिव | ६ | ६ | ७ | ५ | १ | १९ | ६ | ५ | ५ | ३ | - | १ | २ | २ | ५ | १ | ५६ | **११५** |
| २. | शा.अ. | ५९ | | ५८ | - | - | ९३ | १९ | ५९ | ५ | ४१ | ४० | ३ | - | ३ | ५१ | | २४५ | **६२१** |
| ३. | ना.सु. | ९ | | | | | ९ | - | ९ | - | ९ | ९ | - | - | - | ४ | - | ३१ | **६९** |
| **अन्यः** | | | | | | | | | | | | | | | | | | | |
| १. | केन्द्रिय कारागार अस्पताल | | मे.सु. १, मे.अ.४, रेडयोलोजिस्ट १, नासु १, लेपा १, रेडियोग्राफर १, ल्या.टे.१, स्टाफ नर्स ५, हेअ १, सिअहेव २, सकअ १, अहेव २, का.स.४ कुचिकार १, भान्छे १ | | | | | | | | | | | | | | | | **२७** |
| २. | मनोसामाजिक अस्पताल | | वरिष्ठ कन्सल्टेन्ट साइक्याट्रिक १, मे.अ.२, ना.सु.१, लेपा १, अनमि २, हेअ २, सकअ १, अहेव २ | | | | | | | | | | | | | | | | **१२** |

**४ निकायवाट प्रदान गरिने सेवा**

# वन्दीको वडापत्र

| सेवा सुविधाको प्रकार | सेवाग्राही वर्ग जनताले पुर्याउनु पर्ने प्रकृया तथा प्रमाण | शुल्क/दस्तुर | लाग्ने समय | जिम्मेवार पदाधिकारी शाखा/फाँट | गुनासो सुन्ने अधिकारी |
|---|---|---|---|---|---|
| १. न्यायिक तथा अर्धन्यायिक निकायहरूको आदेशले अधिराज्यका कारागारहरूमा आउने थुनुवा, कैदी वन्दीहरूको अभिलेख राख्ने। | थुनामा पठाउने नकायको स्पष्ट आदेश हुनुपर्ने। | नलाग्ने | तुरून्त | जेलर | प्र.जि.अ. |
| २. वन्दीहरूलाई सिधाको व्यवस्था | मोटो चामल ७०० ग्राम र ४५ रूपैयाँ<br>नाबालकलाई<br>१. ७ महिनादेखि १ वर्षका लागि १०० ग्राम र १० रूपैयाँ<br>२. १–३ वर्षका लागि१५० ग्राम र १० रूपैयाँ<br>३. ३–५ वर्षका लागि २०० ग्राम र १० रूपैयाँ<br>४. ५–७ वर्षका लागि २५० ग्राम र १० रूपैयाँ<br>५. ७–१२ वर्षका लागि ४५० ग्राम र १५ रूपैयाँ<br>६. १२ वर्ष माथिका लागि ६०० ग्राम र १५ रूपैयाँ | " | दैनिक | " | " |
| ३. वन्दीहरूका लागि लत्ता कपडा उपलब्ध गराउने। | वैशाख र कार्तिकमा गरी वर्षको २ पटक लगाउने कपडा र २ वर्षमा एक पटक ओढ्ने ओछ्याउने कपडा पाउने। | " | तोकिएको निर्दिष्ट समयमा वितरण हुने। | " | " |
| ४. वन्दीहरूलाई स्वास्थ्योपचार, मनोरञ्जन, शिक्ष, सदाचार, सीपविकाससमेतका अवसर दिलाउने। | बजेटको परिधिभित्र रही उल्लेखीत सुविधा दिलाउने। | " | स्वास्थ्योपचार तुरून्त र अन्य यथासमयमा हुने। | " | " |
| ५. वन्दीगृह लगायत भौतिक संरचनाको निर्माण, मर्मत संभारको प्रवन्ध | वन्दीगृह र भौतिक अवस्थाको स्पष्ट स्थितीका आधारमा। | " | नियमित रूपमा। | " | " |
| ६. (क) वन्दीहरूको शतप्रतिशत कैद भुक्तान भएको आदेश दिने।<br>(ख) छुट तथा गणतन्त्र दिवस, प्रजातन्त्र दिवस तथा अन्य विशेष अवसरहरूमा माफी मिनाहाको व्यवस्था मिलाउने। | वन्दीहरूको अभिलेखको आधारमा असल चालचलन सहितको सम्बन्धित जेलर र प्र.जि.अ.को स्पष्ट सिफारीस प्राप्त हुनुपर्ने। | | शतप्रतिशतके हकमा ७ दिन अगावै। राष्ट्रिय पर्वमा एक महिना अगावै कारागार शाखाले विभागमा पठाउनुपर्ने र राष्ट्रिय पर्वहरूमा छुट पाउनेहरूको लागि विभागबाट ३ हप्ता अगावै मन्त्रालयमा पेश गर्नुपर्ने। | जेलर र कारागार व्यवस्थापन विभाग। | गृहमन्त्रालय |
| ७. वन्दीहरूलाई एक कारागारबाट अर्के कारागारमा स्थानान्तरण गर्ने। | कारणसहित जेलर प्र.जि.अ.को सिफारिश। | " | आवश्यकता अनुसार | माहा–निर्देशक | |

| | | | | | |
|---|---|---|---|---|---|
| ८. वन्दीहरूको सामुहिक माग विन्तिपत्र अद सम्बन्धित निकायमा पठाइदिने व्यवस्था गर्ने। | आफ्ना माग विन्तीपत्र। | " | तत्काले | जेलर | प्र.जि.अ. |
| बालवन्दी एवम् बालवन्दीका साथमा रहेका आश्रित नाबालकहरूलाई क्रमशः बालसुधार गृहमा राख्न सम्बन्धित संस्थाहरूसँग सम्पर्क र समन्वय गरी अवश्यक व्यवस्था गर्ने। | जेलर र प्र.जि.अ.को सिफारिश। | " | आवश्यकता अनुसार नियमित रूपमा हुने। | " | जिल्लामा प्र.जि.अ. र विभागमा माहानिर्देशक। |
| १०. वन्दीका आफन्त, मित्रहरू, कानून व्यवसायीहरू तथा विभिन्न राष्ट्रिय, अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाका प्रतिनिधिसमेतलाई वन्दीहरूसँग भेटघाटको व्यवस्था मिलाउने। | कारागार नियमावली एवम् नेपाल सरकारले तर्जुमा गरेको नीति निर्देशन अनुरूपको प्रक्रित्या पुर्याउनु पर्ने। | " | सम्बन्धित कारागार शाखाले तोकेको निश्चित समय र आवश्यकता अनुसार हुने। | " | प्र.जि.अ. |

## ५ सेवा प्रदान गर्ने निकायको शाखा र जिम्मेवार अधिकारी

कारागार व्यवस्थापन विभागको सङ्गठनात्मक संरचना र दरवन्दी




## ६ सेवा प्रदान गर्न लाग्ने दस्तुर र अवधी

दस्तुर कुनै नलाग्ने र अवधि प्रकृया पूरा भए तुरुन्त

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारी




द्रष्टव्य

चक्र १ : क → ख → क →

चक्र २ : क → ख → ग → क →

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारी

प्रशासनिक निर्णय उपर उजुरी सुन्ने अधिकारी श्रीमान सचिवज्यू गृह मन्त्रालय, न्यायिक निर्णय उपर उच्च अदालत ।

**९. सम्पादन गरेको कामको विवरण**

- कामदारी सुविधा सहित शत प्रतिशत कैद भुक्तानी गरेका कैदीवन्दी हरुलाई प्रकृया पुर्याएर थुनाबाट मुक्त गरिएको संख्या – १९१ जना
- कारागारको आन्तरिक व्यवस्थापनमा सहयोग पुर्याउन कारागार कार्यालयबाट नियुक्ती गरी समर्थनको लागि माग भई आएका मा यस विभागबाट समर्थन/स्वीकृती गरेको चौकीदारको संख्या – ७७ जना
- सरुवा गरिएका कैदीवन्दीहरुको संख्या - २९०२

**माथि उल्लेख गरिएका कृयाकलापका अतिरिक्त कारागार प्रशासन सुधार सम्वन्धमा देहाय वमोजिमका कार्यहरु सम्पन्न गरी देहाय वमोजिम उपलब्धि हासिल गरिएको ।**

- कैदीबन्दीहरुको लागि रासन सिदा समानूकुल वृद्धि गर्ने प्रस्ताव अनुरुप यस आ.व. ०७५।०७६ को वार्षिक बजेटमा कैदीवन्दीले पाउने नगद सिदा वापतको रकममा दैनिक रु ४५ बाट रु ६० र कैदीवन्दीका बालबच्चाको दैनिक रु १०।–बाट वृद्धि भई रु ३५।– वृद्धि भएको र यसका लागि नियमावलीमा समेत संशोधन भैसकेको ।
- कैदीवन्दीहरुलाई श्रममा लगाउने सम्वन्धी निर्देशिका , खुला कारागार सम्वन्धी निर्देशिका, एंव प्रजनन् हक कार्यान्वयन सम्वन्धी निर्देशिकाको मस्यौदा तयारी कार्य भैरहेको ।

  कैदीवन्दीहरुलाई श्रममा लगाउने सम्वन्धि प्रावधान तथा शिक्षा र स्वास्थ्य सुविधाको लागि आवश्यक पर्ने ऐन\नियम\कार्याविधि तर्जुमाका लागि आवश्यक बजेट आ.व.०७५\०७६ को बजेट कार्यक्रममा समावेश भएको ।
- २०७५ साल चैत्र मसान्त सम्ममा ३०० कैदीवन्दी क्षमताको भवन बाकेको गनापुरमा खुल्ला कारागार संचालनमा ल्याउने गरी कार्य भैरहेको र सोको लागि व्यारेक र प्रशासनिक भवन गेट निर्माणका लागि ठेक्का प्रकृया अगाडि बढीरहेको । मिति २०७५।०३।२४ गते तदनुरुप २०१८ जुलाई ८ मा E-Bidding को सुचना गोरखापत्र राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित भएको र हाल ठेक्का लागिसकेको ।
- कारागार सुधार सम्वन्धी हालसम्मका प्रतिवेदन र प्रयासहरुको जानकारीमुलक संक्षेपीकरण सहितको पुस्तक प्रकाशन भएको
- झापा, ईलाम, सुनसरी, मोरङ्ग, संखुवासभा, सप्तरी, महोत्तरी, पर्सा, मकवानपुर, चितवन, काठमाण्डौ जगन्नाथदेवल, डिल्लीबजार, नख्खु(ललितपुर) , काभ्रे , रामेछाप, दोलखा, नुवाकोट, धादिङ्ग, कास्की, वाग्लुङ, म्याग्दी,

अर्घाखाँची, पाल्पा, रुपन्देही, नवलपरासी, वाके, वर्दिया, दाङ्ग, पश्चिम रुकुम, कैलाली, कंचनपुर, सुर्खेत गरी ३२ जिल्लाका कारागार कार्यालयहरुमा चार पाङ्ग्रे सवारी साधनको व्यवस्थापन भएको ।

- कारागारमा रहेका कैदीवन्दीहरुका लागि सिपमुलक\आयमुलक रोजगारीमूलक तालिमको शुरुआत ७१ वटा कारागारहरुमा शुरुवात भएको ।
- झापा , मोरङ्ग, सुनसरी, महोत्तरी, मकवानपुर, पर्सा, चितवन, नख्खु(ललितपुर), काठमाण्डौ जगन्नाथदेवल , डिल्लीबजार, कास्की, रुपन्देही, नवलपरासी, कपिलवस्तु, वाके गरी १५ कारागारहरुमा C.C.T.V जडान कार्य भएको ।
- मकवानपुर, कपिलवस्तु, धादिङ्ग, दाङ्ग(तुल्सिपुर), जुम्ला, डडेल्धुरा, सिन्धुपाल्चोक, ६ वटा नयाँ कारागार संचालनमा आएको
- कारागार झापा, सुनसरी, रौतहट, रामेछाप , काभ्रेपलान्चोक, जगन्नाथदेवल काठमाण्डौ, कास्की, सुर्खेत, बर्दिया गरी ९ कारागारमा भैरहेको संरचनामा क्षमता वृद्धि गरीएको ।
- नयाँ कारागार संचालन र केही कारागारको क्षमता बिस्तारबाट करीब २५०० क्षमता विस्तार भएको ।
- यसै आ.व. ०७५।०७६ भित्र दोलखा, सर्लाही, पाल्पा, बझाङ्ग, डोल्पामा गरी ५ वटा नयाँ कारागार ब्लक संचालनमा आउने गरी कार्य भइरहेको ।
- केन्द्रीय कारागार नुवाकोटमा करिव ५३९ रोपनी क्षेत्रफलमा आ.व. ०७२।७३ बाट शुरु भएको कारागार भवन निर्माण अन्तरगत ७००० क्षमता मध्ये हालसम्म १५०० क्षमताको ब्लक निर्माणाधिन अवस्थामा रहेको ।हाल ७०% कार्यसम्पन्न भएको ।
- बाकेको नौवस्तामा करिव ९ विगाहा क्षेत्रफलमा करीव ३००० क्षमताको कारागार निर्माणका लागि दोस्रो चरणको कार्यका लागि ठेक्का भएको ।
- कारागार व्यवस्थापन विभागका पदाधिकारीहरुबाट देशभरिका विभिन्न कारागारहरुको स्थलगत अनुगमन गरी प्राप्त पृष्ठपोषणका आधारमा सुधारका कार्यहरु अघि बढाईएको छ ।
- हाल संचालनमा रहेका बालसुधार गृहहरु मोरङ्ग, चितवन, पर्सा, मकवानपुर, भक्तपुर, पोखरा, भैरहवा, बाके ,

  डोटी ।

## १०. सूचना अधिकारी प्रमुखको नाम र पद

श्री कृष्ण बहादुर कटुवाल निर्देशक (९८४१३६०५९६) ,
श्री हरीप्रसाद मैनाली महानिर्देशक (९८५११४०००७)

## ११ ऐन,नियम, विनयम वा निर्देशिकाको सूची

### कारागार व्यवस्थापनका नीतिगत आधारहरू

१) नेपालको संविधान
२) कारागार ऐन, २०१९
३) कारागार नियमावली, २०२०
४) निजामती सेवा ऐन, २०४९
५) निजामती सेवा नियमावली, २०५०
६) मुलुकी ऐन, २०२०
७) स्थानीय प्रशासन ऐन, २०२८
८) प्रहरी ऐन, २०१२
९) भ्रष्टाचार निवारण ऐन, २०५८
१०) प्रशासकीय कार्य फछर्यौट नियमहरू, २०२६
११) सर्वोच्च अदालतबाट सम्बन्धित विषयमा भएका आदेश र फैसलाहरू
१२) नेपाल सरकारको सम्बन्धित विषयका नीति निर्देशन र निर्णयहरू
१३) नेपाल सरकारले कारागार व्यवस्थापनसँग सम्बन्धित विषयमा गरेका सन्धी सम्झौता र सहमतिहरू
१४) बन्दीहरूको वडापत्र, २०६०
१५) कारागार व्यवस्थापन विभाग, विभाग र मातहतका निकायहरूबाट विद्यमान ऐन कानून र कार्यक्षेत्रको परिधिभित्र रही लिएका नीतिगत निर्णयहरू लगायत अन्य ऐन, नियम, निर्णय, परिपत्र आदि।

## १२ आम्दानी, खर्च तथा आर्थिक कारोवार सम्वन्धी अद्दावधिक विवरण(रु हजारमा)

| शिर्षक | वार्षिक वजेट | निकासा | खर्च | वाँकी |
|---|---|---|---|---|
| कारागार व्यवस्थापन विभागको चालु खर्च र पूँजिगत | ४४७१०० | १०४३०.५८९ | १०४३०.५८९ | |
| कारागार कार्यालयहरुको चालु खर्च र पूँजिगत खर्च | १४६१२०० | ४०७२८९ | ४०७२८९ | |

**१३. तोकिए वमोजिमका अन्य विवरण**

नभएको ।

**१४ . अघिल्लो आर्थिक वर्षमा सार्वजनिक निकायले कुनै कार्यक्रम वा आयोजना सञ्चालन सञ्चालन गरेको भए सो को विवरण**

सवै कारागार प्रमुखहरुलाई वेरुजु संपरिक्षण र PMIS सम्वन्धी क्षेत्रीय गोष्ठी ( विराटनगर, हेटौडा, भैरहवा र कैलाली) मा सम्पन्न

**१५ . सार्वजनिक निकायको वेभसाईट भए सो को विवरण**

www.dopm.gov.np

**१६. सार्वजनिक निकायले प्राप्त गरेको वैदेशिक सहायता, ऋण अनुदान एवं प्राविधिक सहयोग सम्झौता सम्वन्धी विवरण**

छैन ।

**१७. सार्वजनिक निकायले सञ्चालन गरेको कार्यक्रम र सो को प्रगति प्रतिवेदन**

छैन ।

**१८. सार्वजनिक निकायले वर्गीकरण तथा संरक्षण गरेको सूचनाको नामावली र त्यस्तो सूचना संरक्षण गर्न तोकिएको समयावधि**

छैन ।

**१९. सार्वजनिक निकायमा परेका सूचना माग सम्वन्धी निवेदन र सो उपर सूचना दीएको विवरण**

कैलाली जिल्ला धनगढी न.पा. वडा नं घर भई हाल मानव वेच विखन तथा ओसार पसार मुद्दामा कारागार कार्यालय जगन्नाथदेवलमा वन्दी जीवन विताइ रहेका सुरेश कार्की मगरातीले सूचना पाउँ भनी दिएको निवेदनको सम्वन्धमा आवश्यक कारवाहीको लागि राष्ट्रिय सूचना आयोग समक्ष पत्राचार गरिएको ।

**२०. सार्वजनिक निकायका सूचनाहरु अन्यत्र प्रकाशन भएका वा हुने भएको भए सो को विवरण**

छैन